# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७५ असार २०

### डा. गोविन्द के.सी. को जीवन रक्षाका लागि तत्काल आवश्यक पहल गर्न आयोगको आग्रह

चिकित्सा शिक्षामा रहेका समस्याहरुको सुधारको माग गर्दै २०७५ असार १६ गते देखि जुम्लामा अनसनरत डा. गोविन्द के.सी. को स्वास्थ्य अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यसै क्रममा नेपाल चिकित्सक संघ र नेपाल विद्यार्थी संघको छुट्टाछुट्टै ज्ञापन पत्र ग्रहण गर्दै राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनूप राज शर्माले डा. के.सी. को स्वास्थ्य सम्बन्धमा आयोग गम्भीर रहेको उल्लेख गर्दै प्रभावकारी स्वास्थ्य शिक्षा सम्बन्धमा नेपाल सरकारले विगतमा गरेका सम्झौताहरुको कार्यान्वयन गर्न जवाफदेहि हुनुपर्नेमा जोड दिनुभयो । साथै, वहाँले वार्ता टोली गठन गरी समस्याको समाधानका लागि तत्काल पहल गर्नुपर्ने समेत बताउनुभयो ।

डा. के.सी. को स्वास्थ्य अवस्था सम्बन्धमा जुम्ला राष्ट्रिय मानव अधिकार आयोगले निरन्तर अनुगमन गरिरहेको छ । अनुगमनको क्रममा डा. के.सी. को स्वास्थ्य जटील बन्दै गएको एवं अनसनरत् रहेको ( कवर्ड हल) स्थान स्वास्थ्यका कारण अनुपयुक्त रहेको बुझिएको छ । डा. के.सी. लाई अनसनस्थलवाट तत्काल स्थानान्तरण गरी आवश्यक स्वास्थ्योपचारको व्यवस्था गर्न आयोगले २०७५ असार १८ गते जिल्ला प्रशासन कार्यालय जुम्लालाई पत्राचार समेत गरेको छ ।

स्वास्थ्योपचार जस्तो आधारभूत मानव अधिकारको विषयमा उठाइएका विषयहरुप्रति संवेदनशील भई तत्काल निजसँग नेपाल सरकारले विगतमा गरेका सम्झौताहरु कार्यान्वयन गर्नको लागि आवश्यक पहल गर्न तथा डा. के.सी. को जीवनरक्षामा गम्भीर हुन आयोग नेपाल सरकार एवं सम्बन्धित पक्षलाई ध्यानार्कषण गराउँदछ । साथै, सर्वसाधारणको स्वास्थ्य सेवा पाउने हकप्रति सचेत रहँदै कुनैपनि पक्षवाट कतैपनि अत्यावश्यकीय स्वास्थ्य सेवा बन्द नगर्न नगराउन समेत आयोग सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org